आज मिति २०८३ श्रावण १४ गते बिहिबारका दिन भागेश्वर गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री हेमराज चटौतज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| क्र.सं. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री हेमराज चटौत | |
| २ | उपाध्यक्ष | श्री पुष्पा ठकुराठी | — |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री मणिकराज भट्ट | — |
| ४ | वडा अध्यक्ष वडा नं. २ | श्री उपेन्द्र बहादुर जोरा | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | श्री डम्वर राज जोशी | |
| ६ | वडा अध्यक्ष वडा नं.४ | श्री बसन्त राज चटौत | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | श्री नरेन्द्र बहादुर थापामगर | — |
| ८ | कार्यपालिका सदस्य | श्री बसन्ती देवी थापा | |
| ९ | कार्यपालिका सदस्य | श्री राजु चुनारा | — |
| १० | कार्यपालिका सदस्य | श्री राजेश्वरी भट्ट पाण्डेय | |
| ११ | कार्यपालिका सदस्य | श्री गंगी सार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री रमेश राम लुहार | — |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना सिकर्मी | |
| १४ | सदस्य सचिव | श्री जितेन्द्र प्रसाद ओझा | |

प्रस्तावहरु :

१. ठेक्काहरुको म्याद थप गर्ने सम्वन्धमा सम्वन्धमा ।

२. वार्षिक कार्ययोजना तथा खरिद योजना निर्माण गर्ने सम्वन्धमा ।

३. कार्यविधिहरु निर्माण सम्वन्धमा ।

४. विविध विषयमा ।

निर्णयहरु :

निर्णय नं १ प्रस्ताव नं १ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२।०८३ मा साईट विवाद तथा अन्य कारणबाट कार्य सम्पन्न हुन नसकेका तपसिल बमोजिमका ठेक्काहरूको कार्य सम्पन्न गर्न गराउन आवश्यक देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, प्रचलित कानुन बमोजिम उक्त ठेक्काको म्याद समाप्त भएको मितिदेखि लागू हुने गरी देहाय बमोजिम म्याद थप गर्ने र निर्माण व्यवसायीको लापरवाही, ढिलासुस्ती वा अनिच्छाका कारण कार्य सम्पन्न नभएको देखिएकाले, सार्वजनिक खरिद नियमावली तथा ठेक्का सम्झौताको प्रावधान अनुसार तोकिएको दरमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल उपर गरी अनिवार्य रूपमा कार्य सम्पन्न गराउने र तोकिएको समयभित्र कार्य सम्पन्न नभएमा नियमानुसार ठेक्का रद्द तथा कालोसूचीको प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल :

क) साइट विवादका/अन्य कारण म्याद थप गर्नुपर्ने ठेक्काहरुको विवरण :

| क्र सं. | ठेक्का /आयोजनाको नाम | फर्मको नाम ठेगाना | म्याद समाप्त भएको मिति | म्याद समाप्त भएको मितिदेखि लागु हुने गरी म्याद थप गरिएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BRM/DAD/NCB/Works/2078-079/06, Construction of 10 Beded Hospital | Devsingh Powerup Builders J.V., Dhangadhi, Kailali | २०८३।३।२५ | २०८४।०३।२५ | |
| 2 | BRM/DAD/NCB/Works/2082-083/07, Upgrading & New Cutting of Ward No. 1 Roads | S. Engineering and Consult Construction | २०८३।३।१० | २०८३।१०।३० | |

निर्णय नं २ प्रस्ताव नं २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८३।०८४ को बजेटमा समावेश भएका योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि आगामी आर्थिक वर्ष २०८३।०८४ को लागि वार्षिक कार्ययोजना तथा खरिद योजना तयार गरी स्वीकृत गर्ने, स्वीकृत खरिद योजनाअनुसार खरिद प्रक्रिया तथा बोलपत्र आह्वानको प्रकृया तत्काल अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ३ प्रस्ताव नं ३ माथि छलफल गर्दा भागेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रमलाई प्रभावकारी, व्यवस्थित, पारदर्शी र कानुनसम्मत रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने देहाय बमोजिमका कार्यविधिहरू तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने र उल्लिखित कार्यविधिहरू प्रचलित कानुन, गाउँपालिकाको नीति तथा आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही सम्बन्धित शाखाबाट मस्यौदा तयार गरी आवश्यक स्वीकृतिका लागि कार्यपालिकाको अर्को बैठकमा पेश गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल:

१. छोरी जन्मिने वित्तिकै बैंक खाता खोल्ने कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

२. लिफ्ट सिचाईमा ५०% अनुदान सम्वन्धी कार्यविधि, २०८३

३. अन्तेष्टि संस्कारमा सहयोग कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०८३

४. पालिकास्तरीय नागरिक आरोग्य केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३

५. गाईभैसी सुत्केरी प्रोत्साहन भत्ता कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

६. उन्नत विउ वोका वितरण कार्यक्रम संचालन कार्यविधि, २०८३

७. गर्भवती महिलालाई उपाध्यक्षको कोशेली बितरण कार्यविधि, २०८३

८. दिवा आवाशिय तथा अतिरिक्त कक्षा संचालन कार्यविधि, २०८३

बिविध निर्णयहरु :

१. भागेश्वर गाउँपालिकाको स्विकृत दरबन्दी तथा आ.ब. २०८३/८४ को बजेट तथा कार्यक्रम अन्तर्गत रहेका तपसिल बमोजिमका पदहरु पूर्तीका लागि विज्ञापन आह्वान गरि करार सेवामा पदपुर्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

| क्र.सं. | पद | संखया | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | ईन्जिनियर | १ | भागेश्वर गाउँपालिका | |
| २ | मेडिकल अधिकृत | १ | भागेश्वर गाउँपालिका | |
| ३ | बैद्य स्वयंसेवक | २ | नागरिक आरोग्य केन्द्र बगरकोट स्वास्थ्य चौकी र रुपाल स्वास्थ्य चौकी | |
| ४ | एम्बुलेन्स चालक | १ | रुपाल स्वास्थ्य चौकी रुपाल | |
| ५ | कार्यालय सहयोगी | १ | ३ नं वडा कार्यालय बोगटा | |

२. वर्षायाममा हुने अविरल वर्षाका कारण सडक, सार्वजनिक सम्पत्ति तथा सार्वजनिक स्थलमा हुन सक्ने क्षतिको तत्काल पुनःनिर्माण, मर्मतसम्भार तथा सञ्चालनयोग्य अवस्थामा ल्याउन आवश्यक पर्ने कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेको अमानतबाट कार्य गराउने सम्बन्धी व्यवस्था बमोजिम निर्माण तथा मर्मतसम्भारका तत्काल गर्नुपर्ने कार्य अमानतबाट गराउनको लागि आवश्यक स्वीकृति प्रदान गर्ने तथा प्रचलित कानूनबमोजिम आवश्यक प्रशासनिक एवं आर्थिक प्रक्रिया पूरा गरी कार्यान्वयन गर्ने अधिकार गाउँ कार्यपालिका कार्यालयलाई प्रदान गर्ने निर्णय गरियो।